

# अध्याय -६

## भित्र बाहिर

*__यस अध्यायमा मुल पदहरू:__* मर्कूस ७, यशैया २९:१३, प्रस्थान २०:१२ र मर्कूस ८:११-२१।

*__यस अध्यायको मुल सार पद:__* **"यस्तो केही कुरा छैन जो बाहिरबाट मानिसभित्र पसेर त्यसलाई अशुद्ध पार्न सक्छ, तर मानिसबाट बाहिर निस्कने कुराहरूले नै मानिसलाई अशुद्ध पार्छ।" मर्कूस ७:१५।**

यस अध्यायमा मर्कूस ७ र मर्कूस ८को आधिभाग अध्ययन गर्नेछौं। परम्परागत धार्मिक विधि र संस्कारलाई येशूले पन्छाउनुहुँदा वा मानिसहरूलाई तिनीहरूबाट स्वतन्त्र गर्नुहुँदा धार्मिक पण्डित वा गुरुहरूसँग उहाँ विवादमा फस्नुभएको थियो। धर्मको नाउँमा परम्परा वा संस्कारलाई पन्छाउने येशूको कदम त्यस समयको निम्ति मात्र होइन वर्तमान इसाई जीवनमा पनि भित्रिने ती परम्परा वा संस्कारलाई उहाँले प्रहार गर्नुभएको थियो भनेर हामीले बुझ्नुपर्दछ। धर्मको खोल ओढ्ने तर त्यसको शक्तिलाई इन्कार गर्ने मानिसको प्रवृत्तिलाई प्रहार गर्ने येशूको यो कदम एकदम गहिरो र महत्त्वपूर्ण छ, हिजो थियो भने आज पनि।

परमेश्वरमाथिकझ वास्तविक विश्वास, आस्था र भरोसा के हो भनेर बुझाउन येशूले पहेलीबाट सिकाउनु भएको थियो।

यस पछि उहाँ टायर र सिडोनमा जानुभएको थियो र त्यहाँ उहाँले एक स्त्रीसँग जम्का भेट भएको थियो। त्यस स्त्रीले येशूसँग बादविवाद

गर्नुभएको थियो। सुसमाचारका पुस्तकहरूमा येशूसँग भएको विवाद जित्ने व्यक्ति केवल त्यही महिला मात्र भएको थियो भनेर औँल्याइएको छ। त्यस स्त्रीसँग उहाँको जम्काभेट नै असाधारण थियो। त्यस स्त्रीले येशूसँग कुरा गर्दा त्यस कुरा भित्र केही गहिऱ्याइ र रहस्य भनि लुकिएको थियो। येशूमाथि उनको आस्थाले गर्दा उहाँले उनको अनुरोधलाई स्वीकार गर्नुभएको थियो र उनको इच्छालाई उहाँले पूरा गर्नुभएको थियो।

मर्कूस ७ मा येशूले अर्को मानिसलाई निको पार्नुभएको कथा छ। यसले के देखाउँछ भने कतिपय समयमा जतिसुकै प्रभावकारी आश्‍चर्य कामहरू भएपनि तिनीहरूबाट मात्र मानिसको हृदय सत्यको निम्ति खोल्न सक्छ भन्ने छैन। परमेश्वरको मार्गमा हिँड्न केवल आश्‍चर्य काम मात्र पर्याप्त छैन। येशूले जतिसुकै आश्‍चर्य वा दिव्य कामहरू गर्नुभएतापनि येशूलाई अस्वीकार गर्न कठोर हृदय पार्ने धर्मका अगुवा वा मतियारहरूलाई के असलै गरेको थियो त?

***परम्परा संस्कारमा र शिक्षाहरूमा रोटीको प्रतिकको महत्त्वपूर्णता वा उपादेयीताको बारेमा मर्कूस ८मा हामी अध्ययन गर्नेछौं। हाम्रो धार्मिक वा आत्मिक र व्यवहारिक जीवनमा ती कथाहरूले ठुलो पाठहरू हामीलाई सिकाउँदछ।***

## १. मानवीय परम्परा, संस्कृति र संस्कारहरूको विपरित परमेश्वरका आदेशहरू

**मर्कूस ७:१-१३मा के समसामयीक महत्त्वपूर्ण सत्यहरूलाई प्रस्तुत गर्दछन्? हेर्नुहोस्, "१ यरूशलेमबाट आएका फरिसीहरू र शास्त्रीहरू येशूका चारैतिर भेला भए। २ येशूका कतिपय चेलाहरूले अशुद्ध हात, अर्थात् नधोएको हातले खाएका तिनीहरूले देखे। ३ फरिसीहरू र सबै यहूदीहरू तिनीहरूका पुर्खाहरूले दिएका परम्पराअनुसार हात नधोई भोजन खाँदैनन्। ४ बजारबाट आएपछि स्नान गरेर शुद्ध नभई तिनीहरू खाँदैनन्। यति मात्र होइन, तिनीहरूले यस्ता धेरै अरू परम्परा मान्दछन्, अर्थात् कचौराहरू, भाँड़ाहरू र काँसोका भाँड़ाहरू धुने परम्परा। ५ तब फरिसीहरू र शास्त्रीहरूले उहाँलाई सोधे, "तपाईंका चेलाहरू पितापुर्खाले राखिदिएका परम्परामा किन चल्दैनन्, तर अशुद्ध हातले खान्छन्?" ६ तब उहाँले तिनीहरूलाई भन्नुभयो, "यशैयाले तिमी कपटीहरूका विषयमा ठीकसँग यसरी अगमवाणी गरे, जस्तो लेखिएको छ, 'यस जातिले मलाई ओठले मात्र आदर गर्छ, तर तिनीहरूको हृदय मदेखि टाढ़ा छ। ७ तिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरूका शिक्षा मानिसहरूले**

**सिकाएका विधि मात्र हुन्।' ८ तिमीहरू परमेश्‍वरको आज्ञालाई त्यागेर मानिसहरूका परम्परा मान्छौ।" ९ उहाँले तिनीहरूलाई भन्‍नुभयो, "तिमीहरू आफ्ना परम्परा मान्‍नलाई कति धूर्ततासँग परमेश्‍वरको आज्ञालाई टारिदिन्छौ। १० किनभने मोशाले भनेका छन्, 'आफ्ना आमा-बुबालाई आदर गर, र जसले आमा-बुबाको विरुद्धमा दुष्‍ट कुरा बोल्छ त्यो मारिनैपर्छ।' ११ यदि कुनै मानिसले आफ्ना बुबा वा आमालाई 'मबाट जे-जति मद्दत तपाईंहरूलाई मिल्नुपर्ने त्यो कुर्बान हो,' (अर्थात् परमेश्‍वरलाई चढ़ाइएको) भन्छ भने, १२ तिमीहरू त्यसलाई आफ्ना आमा-बुबाको निम्ति फेरि केही गर्न दिँदैनौ। १३ यसरी तिमीहरू आफ्नो चलिआएको परम्परालाई कायम राखेर परमेश्‍वरको वचनलाई चाहिँ रद्द तुल्याउँछौ। अनि यस्तै अनेक कामहरू तिमीहरू गर्दछौ।"**

केटाकेटीहरू साबथ स्कूल पछि घरमा आएर येशूले भन्नुभएको अनुसार अब हामीले खान अघि हात धुनुपर्दैन किनभने येशूले भन्नुभएको थियो भनेर आमालाई सुनाउँदा के हुँदो हो? यो कथा सफासुमघ्घरको बारेमा कदापि होइन।

येशूको समयमा यहूदी परम्परमा धेरै रीतिथिति वा संस्कारहरू थिए। त्यसमा कसरी शुद्ध हुने भन्ने पनि थियो। पुरानो करार र नयाँ करारको बिचमा यहूदी धर्मगुरुहरूले धेरै संस्कार वा रीतिथितिहरू आविष्कार गरेका थिए। ती संस्कार यहूदी धर्मगुरु वा पूजारीहरूमा मात्रै सिमित नराखी सर्वसाधारण मानिसहरूले पनि मान्न कर गराइएको थियो (प्रस्थान ३०:१७-२१)। ती संस्कारहरूलाई नै सम्झेर यहूदी धर्मगुरुहरूले येशूका चेलाहरूको बारेमा गुनासो गरेका थिए।

येशूलाई सोधिएको प्रश्‍नको जवाफ उहाँले तत्कालै दिनुहुन्न। दुई जवाफहरूको अपेक्षा गर्दै येशूले चेलाहरूको पक्षमा लिनुभएको थियो। पहिले त येशूले यशैया २९:१३ अंशलाई उतार्नुहुन्छ। सारा राज्य वा इस्राएलीहरूले परमेश्वरप्रति केवल ओठेभक्ति जनाएको तर हृदय भने उहाँबाट टाढा रहेको भनेर यशैयाले भनेका थिए भनेर औंल्याउँदै येशूले ती पण्डितहरूको भण्डाफोर गर्नुभएको थियो। यहूदीहरूले परमेश्वरका आज्ञाहरूलाई रद्द गरेर मानवीय संस्कारहरूलाई प्राथमिकता दिएकोले परमेश्वरले तिनीहरूलाई दोषी ठहऱ्याउनुभएको थियो भनेर यशैयाले नै भनेका थिए भनेर येशूले जिकिर गर्नुहुन्छ।

अनि दोस्रोमा यशैयाकै अंशलाई उतार्दै येशूले ती धर्मगुरुहरूप्रति आपत्ति जनाउनुभएको थियो। बाबुआमालाई आदर गर भनेर परमेश्वरले नै आदेश दिनुभएको (प्रस्थान २०:१२) आज्ञालाई बेवास्ता गर्दै आफ्नो सम्पत्ति बाबुआमाको हितको निम्ति प्रयोग गर्नुको सट्टा धर्मको नाउँमा मन्दिरमा चढाउने वा दान दिन पण्डितहरूले स्थापना गरेको चलनलाई येशूले औंल्याउनुभएको थियो। धर्ममा अतिवादी भएर बाबुआमाको आवश्यता प्रति आँखा चिम्लनु येशूको निम्ति आपत्तिजनक थियो। कतिपयले बाबुआमाले आफ्नो खाँचो तार्न छोराहरूसँग अनुरोध गर्दा यो भनेको हामीले कल्पना गर्न सक्छौं, "बुवा, तपाईंलाई सहयोग गर्न त मलाई मन पर्छ तर तपाईंलाई दिनुपर्ने पैसा मन्दिरमा चढाइसकें वा दान दिइसकें।"

यस खालको पाखण्डीपना प्रति येशू आक्रामक हुनुभएको थियो। तिनीहरूले परमेश्वरको वचन माथि मानवीय परम्परालाई राखेका थिए। यसो गर्दा तिनीहरूले पाप गरिरहेका थिए।

***त्यसकारण, फरिसी पण्डितहरूको प्रश्नको जवाफ के थियो त? परमेश्वरको चाहना विरुद्ध तिनीहरूले हात धोएर शुद्ध हुने रीति अमान्य भएको येशूले सिकाउनुभएको थियो। भनाइको तात्पर्य यो हो कि उहाँले मावीय संस्कार, परम्परा वा रीतिथिति होइन परमेश्वरको व्यवस्था वा दश आज्ञालाई ठाडै समर्थन गर्नुभिएको स्पष्ट छ (मर्कूस १:४४, ७:१०,११, १०:३-८, १२:२६, २९-३१)।***

## २. सफा हात की सफा हृदय?

**हतपत बुझ्न नसकिने वा पहेली येशूले मर्कूस ७:१५मा प्रस्तुत गर्नुभएको थियो। त्यसको अर्थ के हो, हेर्नुहोस्, मर्कूस ७:१४-१९ "१४ उहाँले मानिसहरूलाई फेरि आफूकहाँ बोलाएर तिनीहरूलाई भन्नुभयो, "तिमीहरू सबैले मेरा कुरा सुन र बुझ। १५ यस्तो केही कुरा छैन जो बाहिरबाट मानिसभित्र पसेर त्यसलाई अशुद्ध पार्न सक्छ, तर मानिसबाट बाहिर निस्कने कुराहरूले नै मानिसलाई अशुद्ध पार्छ। १६ [जसको सुन्ने कान छ त्यसले सुनोस्।"] १७ मानिसहरूलाई छोड़ेर घरभित्र पसेपछि उहाँका चेलाहरूले उहाँलाई यस दृष्टान्तको विषयमा सोधे। १८ उहाँले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरू पनि अझै अबुझ छौ? जे बाहिरबाट मानिसभित्र पस्छ त्यसले उसलाई अशुद्ध पार्न सक्दैन भनेर तिमीहरू**

**जान्दैनौ? १९ किनकि त्यो उसको हृदयमा होइन, तर पेटभित्र पस्तछ, र बाहिर निस्किहाल्छ। (यसरी उहाँले सबै भोजन शुद्ध हो भनी बताइदिनुभयो।"**

यस अंशमा येशूले व्यक्त गर्नुभएको कथन कतिको निम्ति पहेली वा अस्पष्ट भएको साथै समस्या भएको पाइन्छ। लेबी ११को शुद्ध र अशुद्ध खाने कुराको बारेमा येशूले भन्नुभएको थियो भनेर कतिले सोच्दछन्। सबै भोजन शुद्ध छ भनेर येशूले भन्नुहुँदा के येशूले शुद्ध र अशुद्ध खानामा केही फरक छैन भनेर उहाँले भन्नुभएको हो कि? अर्थात हामीले स्वस्थ र अस्वस्थ खाना जे खाए पनि हुन्छ भनेर येशूले इजाजत दिनुभएको हो कि? सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले आफ्ना सदस्यहरूलाई शुद्ध पशुको मासु मात्र खानुपर्छ भनेर सिकाएको शिक्षा के गलत छ त?

पहिले त मर्कूस ७:६-१९ मा परम्पराको नाउँमा परमेश्वरको आदेशलाई प्राथमिकता ती यहूदी धर्मगुरुहरूप्रति आपत्ति जनाउनुभएको थियो। मोशाद्वारा परमेश्वरका आज्ञाहरू पालन गर्नुपर्छ भनेर उहाँले जनाउनुभएको सहमतिलाई उहाँले रद्द गर्नुभयो भनेर सोच्दा त्यो अनौठो नै मान्नुपर्छ वा उहाँ आफूले सहमति गर्नुभएको शिक्षासँग उहाँ आफै बाझिनुभएको देखाउँछ। दोस्रोमा, फरिसी वा धर्मगुरुहरूले स्थापना गरेका अनेकौं संस्कारहरूको आधार पुरानो करारको शिक्षामा थिएन। खानेकुराका विभिन्न नीतिहरू पूरानो करारको शिक्षा अनुसार तिनीहरू नै चलेका थिएनन्। जब मर्कूस ७:१९ मा येशूले सबै खानेकुरा शुद्ध छ भन्दा के खानुहुन्छ वा खानुहुन्न भन्ने खाने कुराहरूको नीतिलाई येशूले रद्द गर्नुभएको थिएन। तर परम्पराको नाउँमा खाने कुरालाई छोएर शुद्ध वा अशुद्ध बनाउने फरिसी वा यहूदी धर्मको संस्कार येशूले रद्द गर्नुभएको थियो। यदि कुनै अन्य जाति वा अयहूदीलाई कुनै यहूदीले छोयो भने त्यो यहूदी अशुद्ध भएको मानिन्थ्यो र त्यस अयहूदीले छोएको खाने कुरा पनि अशुद्ध नै ठहर्थ्यो।

**मानिसलाई यथार्थमा के ले अशुद्ध बनाउँछ भनेर येशूले मर्कूस ७:२०-२३ पढ्नुहोस्: "२० उहाँले भन्नुभयो, "मानिसबाट जे बाहिर निस्कन्छ त्यसैले मानिसलाई अशुद्ध पार्छ। २१ किनकि भित्रबाट, अर्थात् मानिसको हृदयबाट खराब विचार, व्यभिचार, चोरी, हत्या, परस्त्रीगमन, २२ लोभ, दुष्टता, छल, छाडापन, ईर्ष्या, निन्दा, घमण्ड, मूर्खता निस्कन्छन्। २३ यी सबै दुष्ट कुराहरू भित्रबाट निस्कन्छन्, र मानिसलाई अशुद्ध पार्छन्।"**

खानेकुराहरू हृदय वा दिमागमा जाँदैन तर पेटमा जान्छ र ती मलद्वारबाट बाहिर निस्कन्छन् भनेर येशूले मर्कूस ७:१९मा भन्नुभएको थियो। दुष्ट चाल र सोच हृदयबाट निस्किन्छ भनेर मर्कूस ७:२१-२३मा येशूले स्पष्ट पार्नुभएको छ। हृदय वा विवेक नै मानिस को हो भनेर बताउने केन्द्र हो। खराब बिचारबाट निस्किने खराब तत्व र चाल के हो भनेर उहाँले विस्तृत रूपमा प्रस्तुत गर्नुभएको थियो।

दश आज्ञाहरूका पाँचौं आज्ञा "व्यभिचार नगर" भनेनर् आज्ञालाई खुष्ट चालको शूचीमा उहाँले राख्नुभएको थियो। बाँकि सबै आज्ञाहरू पनि त्यस शूचीमा समावेश भएको पाइन्छ। थपमा येशूले मानिसहरूले बेकारमा पुजा पाठ, उपासना र आराधना गर्छन् भनेर मर्कूस ७:७मा सम्बोधन गर्नुभएको थियो। यसले दश आज्ञाका प्रथम चार आज्ञालाई मानिसहरूले तोडिरहेको देखाउँछ। परमेश्वरको दश आज्ञाको पक्षमा येशू उभिनुभएको थियो भनेर यहाँ प्रस्तुत गर्नुभएको उहाँको शिक्षाले देखाउँछ।

***तपाईंको धर्मविज्ञान, दर्शन वा विद्या ठिक होला तर तपाईंको हृदयलाई पूरा रूपमा कसको बशमा छ?***

## ३. कुकुरको निम्ति टुक्रा रोटीहरू

**मर्कूस ७:२४-३०मा एक अत्यन्तै उल्लेखनीय कथा प्रस्तुत गरेको छ। त्यसबाट हामीले के महत्त्वपूर्ण पाठ वा शिक्षाहरू हासिल गर्न सक्छौं? हेर्नुहोस्, "२४ त्यहाँबाट उठेर उहाँ टुरोस र सीदोनका सीमातिर गएर एउटा घरभित्र पस्नुभयो। यो कुरा कसैले थाहा नपाओस् भन्ने उहाँ चाहनुहुन्थ्यो, तर उहाँ गुप्त रहन सक्नुभएन। २५ त्यसै बेला एउटी स्त्रीले उहाँको विषयमा सुनी र आएर उहाँको पाउमा परी– त्यस स्त्रीको छोरीलाई अशुद्ध आत्मा लागेको थियो। २६ त्यो सिरियाको फोनिकेमा जन्मेकी एउटी ग्रीक स्त्री थिई। त्यस स्त्रीले आफ्नी छोरीबाट दुष्ट आत्मा निकालिदेऊन् भनी उहाँलाई बिन्ती गरी। २७ उहाँले त्यसलाई भन्नुभयो, "पहिले छोराछोरीहरूलाई खान देऊ, किनकि छोराछोरीहरूका रोटी लिएर कुकुरहरूलाई फालिदिनु उचित होइन।" २८ तर त्यसले उहाँलाई भनी, "हो प्रभु, तर कुकुरहरूले पनि त छोराछोरीहरूले टेबिलमुनि खसालेका टुक्राहरू खान्छन्।" २९ उहाँले त्यसलाई भन्नुभयो, "तिमीले यसो भनेको कारण नै तिमी घर जाऊ। तिम्री छोरीबाट दुष्ट आत्मा निस्केर गएको छ।" ३० त्यो**

**घरमा गई र छोरीलाई खाटमा सुतिरहेकी भेट्टाई र त्यसबाट दुष्ट आत्माचाहिँ निस्किसकेको थियो।"**

अघिल्लो बुँदामा लेखिएको अंश त चुनौतीपूर्ण नै थियो। तर यस स्त्रीको कथामा पनि सनसनीपूर्ण नै छ। कतिपयको निम्ति यो कथा समस्याको रूपमा खडा भएको पनि पाइन्छ। त्यस स्त्रीको अनुरोधलाई येशूले किन कठोर जवाफ दिनुभयो? उनलाई कुकुर भनेर सम्बोधन गरेको स्पष्ट छ।

उहाँले खुला रूपमा व्याख्या त गर्नुहुन्न। तर उहाँले दिनुभएको जवाफमा उहाँले दुई नीतिहरू प्रस्तुत गर्नुभएको थियो। पहिला त केटाकेटीहरूलाई पहिले ख्वाउनु पर्छ भनेर उहाँले भन्नुहुन्छ। अनि येशूले त्यस स्त्रीलाई हेपेर कुकुर भनेर सम्बोधन गर्नुहुँदा छाउरो होइन तर घरमा पालेका कुकुरहरूले खान पाउनुपर्छ भनेर येशूले समर्थन गर्नुभएको थियो। ती कुकुरहरू सडकका कुकुरहरू होइनन्। त्यस स्त्रीले उहाँको सम्बोधनलाई पचाउँदै दिएको उत्तरबाट येशूले सम्बोधन गर्नुभएको कथनलाई व्याख्या गर्दछ।

त्यस स्त्रीको जवाफ उल्लेखनीय छ। उनले उहाँको सम्बोधनको आपत्ति नजाउँदै उनलेसुनाउँछिन्, "प्रभु, टेबुलमुनिका कुकुरहरूले पनि केटाकेटीहरूले खसालेको रोटीका टुक्राहरू खाने अधिकार हुन्छ" (मर्कूस ७:२८)।

येशूको भनाइमा त्यस स्त्रीले यो जवाफ उनले कसरी दिन सक्नेभइन्? आफ्नी छोरी प्रतिको मायाले उनलाई घचेडिएक त थियो नै। येशूले उनलाई साहस दिनुभएको पनि देखिन्छ। "पहिले" भन्दा "दोस्रो" पनि हुनुपर्छ भनेर देखाउँछ। उनी टेबुलमूनिको  कुकुर भनेर उहाँले आभास दिनुभएको थियो। जसरी घरमा पालेको कुकुर टेबुलमा बस्छ, त्यसरी उनी येशूको पाऊमा बसेर आफ्नी छोरीको निम्ति बिन्तिभाउ गरिरहेकी थिइन्। त्यसकारण, भुइँमा खसेको खाना कुकुरले खाएको जस्तै उनी पनि येशूको आशिष पाउने अधिकार भएको उनले जिकिर गर्छिन्।

जुन शैलीमा त्यस स्त्रीले जवाफ दिइन् त्यसले त्यस स्त्रीको विश्वासलाई खुलाउँदछ। येशूले दूरबाट उनको छोरीलाई शक्तिशाली तरिकाले निको पार्ने अनुरोधलाई उहाँले स्वीकारेर उनलाई निको पार्नु त्यो केवल रोटीका टुक्राहरू मात्रै हुन् भनेर उनले स्वीकारेकी थिइन्। येशूमा एको निको पार्ने महान् शक्ति निहित भएको र उहाँले ठुला ठुला अलौकिक काम गर्नुहुन्छ भनेर उनले स्वीकार्दै आफ्नी छोरीलाई निको पार्नु त्यसको तुलनामा केवल रोटीको मात्र हुन् भनेर उनले जिकिर गर्दछिन्। उनको यो भावपूर्ण जवाफले

येशूको मन पग्लिन्छ र उनको अनुरोधलाई प्रदान गर्नुहुन्छ। "जुन रूपमा येशूले त्यस स्त्रीलाई सम्बोधन गर्नुभयो र त्यस स्त्रीको अनुरोधलाई स्वीकार गर्नुभयो, उनी इस्राएलबाट बाहिरिएको जाति भएतापनि उहाँको अगाडि उनी विदेशी वा अन्य जाति हुन नगएको देखाउँछ। उनी परमेश्वरको परिवारको बालिका हुन गएको थियो। उनी परमेश्वर पिताकी बालिका हुन गएकोले उहाँका उपहार वा आशिषहरू पाउने उनको अवसर थियो।"-द डिजाएर अभ एजेज, पृ. ४०१।

***येशूको शिक्षामा कुनै जाति वा अन्य राष्ट्रका मानिसहरू प्रति पूर्वाग्रह राख्न नहुने देखाएको छ। यस संसारमा जाति जाति, वर्ग र जात जातको बिचमा भइरहेको दुष्ट मनस्थितिबाट हामी कसरी स्वतन्त्र हुन सक्छौं?***

## ४. बाँधिएको जिब्रो

**मर्कूस ७:३१ पढ्नुहोस्। येशूकहाँ कसलाई ल्याइएको थियो र उहाँले उसलाई के गर्नुभयो? हेर्नुहोस्, "३१ टुरोसको इलाकाबाट निस्केर उहाँ सीदोन भएर डेकापोलिसका सिमानाका बिचबाट हुँदै गालील-समुद्रमा जानुभयो। ३२ त्यहाँ मानिसहरूले एक जना बहिरो र गूँगो मानिसलाई उहाँकहाँ ल्याए, र त्यसमाथि हात राखिदिनोस् भनी उहाँलाई बिन्ती गरे। ३३ त्यसलाई भीड़बाट अलग्गै एकान्तमा लगेर येशूले आफ्ना औंला त्यसका कानमा लगाउनुभयो। त्यसपछि थुकेर त्यसको जिब्रो छुनुभयो। ३४ अनि स्वर्गतिर हेरेर लामो सास लिई त्यसलाई भन्नुभयो, "इफ्फाता," अर्थात् "खोलिजा।" ३५ त्यति नै बेला त्यसका कान खोलिए, र त्यसको जिब्रोको बन्धन फुक्यो, र त्यो स्पष्ट बोल्न लाग्यो। ३६ "यो कसैलाई नभन्नू," भनी उहाँले तिनीहरूलाई आज्ञा दिनुभयो। तर जति-जति उहाँले मानिसहरूलाई आज्ञा दिनुहुन्थ्यो, झन् बढ़ी उत्साहसाथ तिनीहरूले यसको घोषणा गर्दथे। ३७ मानिसहरू आश्चर्यले अत्यन्तै चकित भए, र भन्न लागे, "उहाँले सबै कुरा असल गर्नुभएको छ। उहाँले बहिरालाई सुन्ने र गूँगालाई बोल्नेसम्म पनि तुल्याउनुहुन्छ।"**

टुरोस र सिडोन क्षेत्रबाट गलिलमा फर्किन उहाँले लामो बाटोबाट जानुभएको थियो। टुरोसबाट उत्तरतिर उहाँ लाग्नुभएको देखिन्छ। उहाँ सिडोनको क्षेत्र भएर जाँदै गलिल समुद्रको उत्तरपूर्व जमिकनको भाग हुँदै जानुभएको थियो। अनि उहाँ गलिल समुद्रको किनारमा आउनुभएको थियो।

उहाँले लामो बाटो भएर जानुको अर्थ उहाँले चेलाहरूलाई बाटोमा थप शिक्षा दिनुभएको हुनसक्छ।

अनि एक जना बिरामीलाई येशूकहाँ ल्याउँछन्। उसलाई कसले ल्यायो भनेर यहाँ बताइएको छैन। ऊ लाटो र बहिरो थियो। बहिरा हुँदा मानिस सबैबाट अलग हुन पुग्छ। त्यो चाहे येशूको समयमा होस् वा अहिले। ऊ बहिरो भएकोले राम्रोसँग बोल्न सकेको थिएन। शायद उसको ऊ दिर्घ रोगी हुनुपर्दछ।

येशूले उसको समस्या बुझ्नुहुन्छ र उसलाई एक कुनामा लानुहुन्छ। आधुनिक पाठक वर्गहरूको निम्ति येशूले निको पार्नुभएको तरिका अचम्मको हुनसक्छ। उहाँले उहाँका औंलाहरू मानिसका कानमा राख्नुहुन्छ अनि थुकेर त्यस थुकले त्यस मानिसको जिब्रोमा छुनुहुन्छ। त्यस मानिसलाई असर भएको भागमा येशूले छुनुहुन्छ र निको पार्नुहुन्छ। तर त्यस मानिसको अवस्था देखेर येशूले सुस्केरा हाल्नुहुन्छ। त्यो सुस्केरा किन त? "सत्यको निम्ति कान नसुन्नेको निम्ति उहाँ सुस्केरा हाल्नुभएको थियो। उहाँ मुक्तिदाता हुनुहुन्छ भनेर जिब्रोले अस्वीकार गर्नेको निम्ति पनि उहाँ दुःखित हुनुभएको थियो।" द डिजाएर अभ एजेज, पृ. ४०४।

अलौकिक ढँगले येशूले त्यस मानिसको कानलाई सुन्ने बनाउनुहुन्छ र स्पष्टसँग बोल्ने गरि निको पार्नुहुन्छ। मानिसको आत्मनिर्णयलाई परमेश्वरले हस्तक्षेप नगरेर उहाँले आफ्नो शक्तिलाई सिमित राख्नुभएकोले पनि उहाँले सुस्केर हाल्नुभएको थियो। परमेश्वरलाई विश्वास गर्न नचाहनेलाई उहाँले जबरजस्ती गर्नुहुन्न। परमेश्वरलाई विश्वास गर्ने वा नगर्ने आत्मतिर्णयको अधिकार यस संसारमा जन्मिने प्रत्येक मानिसलाई दिइएको छ। तिनीहरू जीवनको प्रभुलाई चुनेर अहिले मात्र होइन अनन्त जीवनसम्म रमाइलो गर्न चाहन्छ कि अन्धकारको मालिक सैतानको पक्षमा उभेर नाश हुने बाटोमा जान चाहन्छ त्यो निर्णय तिनीहरू कै हो। भौतिक रूपमा बहिरो भएकोलाई उहाँले कानहरू त खोलिदिनुभयो तर उहाँ मसीह हुनुहुन्छ भनेर ग्रहण गर्न नचाहने कठोर हृदयलाई उहाँले जबरजस्ती खोल्नुहुन्न।

परमेश्वरतर्फ आफ्नो ध्यान दिनेलाई उहाँले के गर्नुहुन्छ भनेर यस छोटो कथाले चित्रण गर्दछ। तपाईंले परमेश्वरको बारेमा परिवार र साथीहरूलाई सुनाउन असमर्थ भएको बेलामा के भन्ने भनेर तपाईं अलमलमा पर्नुहुन्छ होला। अरूहरूको आवश्यकता प्रति तपाईंलाई संवेदनशील बनाउन

येशू सक्षम् हुनुहुन्छ र तपाईंको जीवनको यात्रामा तपाईंलाई अगुवाइ गर्न उहाँ उत्सुक हुनुहुन्छ।

**तपाईंलाई दिएको सुन्ने र बोल्ने बरदानलाई तपाईंले कसरी उपयोग गरिरहुनभएको छ? परमेश्वरको महिमा र अरूको हितको निम्ति ती बरदानहरूलाई कसरी प्रयोग गरिरहनुभएको छ?**

## ५. सडेको रोटीदेखि होशियार हुनुहोस

**जुन तरिकाले फरिसी वा धार्मिक पण्डितहरू येशूसँग बातचित गर्न आए त्योदेखि उहाँ धेरै निराश हुनुभएको थियो। हेर्नुहोस् मर्कूस ८:११-१३, "११ फरिसीहरू उहाँकहाँ आएर उहाँसँग बहस गर्न लागे, र उहाँलाई परीक्षा गर्नलाई स्वर्गबाट एउटा चिन्ह मागे। १२ आफ्नो आत्मामा लामो सास लिएर उहाँले भन्नुभयो, "यस पुस्ताले किन चिन्ह खोज्छ? साँच्चै, म तिमीहरूलाई भन्दछु, यस पुस्तालाई कुनै चिन्ह दिइनेछैन।" १३ अनि तिनीहरूलाई छोडी उहाँ फेरि डुङ्गामा चढ़ेर पारिपट्टि जानुभयो।"**

येशूसँग अलौकिक चिन्ह माग्दा उहाँले किन आफ्नो शक्ति देखाउनुभएर ती हेप्ने पण्डितहरूलाई किन उहाँले प्रभाव पार्नुभएन? समस्या त मर्कूस ३ अध्यायको अन्तमा पाइन्छ जहाँ येशूले पवित्र आत्माको विरुद्धमा गर्ने पापलाई औंल्याउनुभएको थियो। यदि मानिसको आँखा, कानहरूलाई र हृदयलाई परमेश्वरको सत्यलाई ग्रहण गर्न बन्द गर्दछन् भने कुनै पनि आश्चर्य काम वा स्वर्गबाट अलौकिक चिन्हले तिनीहरूलाई चित्त बुझाउन सकिँदैनथ्यो। उहाँले अलौकिक काम गर्नुभएतापनि यो त कुनै दैविक वा प्राकृतिक काम हो भनेर तिनीहरूले आफ्ना हृदयलाई कठोर बनाइनै राख्दथे। येशूलाई विश्वास नगर्न कठोर हृदय र विवेक पार्नेहरूको निम्ति कुनै पनि अलौकिक वा आश्चर्य कामले पगाल्न सकिँदैन।

**मर्कूस ८:१४-२१ पढ्नुहोस्। चेलाहरूले के बिर्से, र येशूले तिनीहरूलाई के बुझाउनु खोज्नुभएको थियो? हेर्नुहोस्, "१४ चेलाहरूले साथमा रोटी बोक्न बिर्सेका थिए, र डुङ्गामा तिनीहरूसित एउटै मात्र रोटी थियो। १५ येशूले चेलाहरूलाई यसो भनेर चेताउनी दिनुभयो, "तिमीहरू फरिसीहरूको खमिर र हेरोदको खमिरदेखि सतर्क रहो।" १६ तर तिनीहरूका साथमा रोटी नभएकोले येशूले यसो भन्नुभएको हो भनी तिनीहरूले आपसमा बहस गर्न लागे। १७ येशूले यो थाहा पाएर तिनीहरूलाई भन्नुभयो, "तिमीहरूसित रोटी छैन भनी**

**किन तिमीहरू बहस गर्दछौ? के तिमीहरू अझै पनि देख्दैनौ वा बुझ्दैनौ? के तिमीहरूको मन कठोर भएको छ? १८ आँखा भए तापनि के तिमीहरू देख्दैनौ? कान भए तापनि के तिमीहरू सुन्दैनौ? के तिमीहरूलाई याद छैन १९ जब मैले पाँच वटा रोटी ती पाँच हजारका बिचमा भाँचेथें, तब कति डालाभरि टुक्राटाक्रीहरू तिमीहरूले उठाएका थियौ?" तिनीहरूले उहाँलाई जवाफ दिए, "बाह्र।" २० "अनि जब ती सात वटा रोटी चार हजारका बिचमा भाँचेको थिएँ, तब कति डालाभरि टुक्राटाक्रीहरू तिमीहरूले उठाएका थियौ?" तिनीहरूले उहाँलाई भने, "सात।" २१ उहाँले तिनीहरूलाई भन्नुभयो, "तब के तिमीहरू अझै बुझ्दैनौ?"**

फरिसी वा धार्मिक पण्डित र हेरोदका खमिरदेखि होशियार हुनु भनेर येशूले चेलाहरूलाई त्यस अवसरमा भन्नु भएको थियो। तिनीहरूको खमिर नै तिनीहरूको शिक्षा वा दर्शन थियो (मत्ती १६:१२सँग तुलना गर्नुहोस्)।

तर चेलाहरूले गलत सम्झे र वास्तविक रोटी धेरै नल्याएमा येशूले आपत्ति जनाउनुभएको थियो भनेर तिनीहरूले सोचेका थिए। जब चेलाहरूले गलत सम्झिन्थे प्रायजसो उहाँले तिनीहरूलाई बुझाउन खोज्नुहुन्थ्यो। प्रभुले तिनीहरूलाई ऋृङ्खलावद्ध प्रश्नहरू गर्नुहुन्छ। उहाँ भावुक हुनुभएर दिमाग खियाउने प्रश्नहरू गर्नुहुन्छ। उहाँको लक्षलाई तिनीहरूले बुझ्न नसकेकोले उहाँ निराश हुनुभएको थियो। उहाँका शब्दहरू मर्कूस ४:१०-१२लाई प्रतिबिम्ब गर्दछन्। बाहिरका मानिसहरूले उहाँको शिक्षालाई बुझ्न सक्दैनन् भनेर उहाँले जिकिर गर्नुभएको थियो। येशूका बलियो शब्दहरूले उहाँका चेलाहरूका सिथिल भएको आत्मिक अवस्थालाई जगाउन खोज्नुभएको थियो। ५००० र ४०००लाई ख्वाएपछि बाँकि भएका रोटीका टुक्राहरू कति उब्रेका थिए भनेर येशूले चेलाहरूलाई सरल सोध्नुहुन्छ (मर्कूस ६:३०-४४, मर्कूस ८:११०)। प्रभुको मसीहको निम्ति कुनै पनि स्रोतहरूलाई सिमित राख्नु उहाँ प्रतिको विश्वासमा वाधा हुँदैन भनेर उहाँले चेलाहरूलाई सिकाउन खोज्नुभएको थियो। (हामीमा भएको सिमित स्रोतलाई होइन, असिमित स्रोत प्रभुलाई विश्वास गर्न सक्नुपर्दछ)। चेलाहरू आफैले जवाफ दिऊन् भनेर मर्कूस ८:२१मा येशूले सोध्नुहुन्छ, "के तिमीहरूले अझै बुझेका छैनौ?"

**परमेश्वरको अस्तित्व र उहाँको प्रेम मनगढ्न्ते वा कुनै धारणा नभएर वास्तविक नै हो भनेर जानि राख्न हाम्रो हृदय र दिमागलाई कसरी खोलाइ राख्ने? परमेश्वरले हामीलाई दिनुभएको आशिष र प्रेमको बारेमा चिन्तन**

**गर्नुहोस्। कतिपय समयमा शङ्का गर्ने परिस्थिति उब्जे पनि उहाँसँगको सम्बन्धलाई कसरी जगाइ राख्ने?**

## उपसंहारः

**थप जानकारीः डिजाएर अभ एजेजको पृ. ३९५-४०९को "ट्राडिशन," "बारियर ब्रोकन डाउन," र "ट्रु साइन" पढ्नुहोस्।**

"आज पनि प्रभुका अनुयायी वा सेभेन्थ-डे एडभेन्टिस्ट हुँ भन्नेहरूमा धुर्त र धोका दिने पाप जतातत्तै फैलिरहेको छ। आफ्नो भाउ खोज्ने गोप्य चाहना येशूका सेवकहरूमा भएकोले एक आपसमा कुरा गर्दा तिनीहरूको आपसी सम्वन्धमा धक्का पुऱ्याइरहेका हुन्छन्। प्रभुका सेवक भनेर दावी गर्ने कतिपयले मानिसहरूको श्यावास, कदर र आत्म-सम्मान खोज्नछन् वा तिब्र चाहना गर्छन्। परमेश्वरले नै नियुक्त गरिएका कतिपय पास्टर, अगुवाहरूले आफूले आफैलाई प्रेम गर्ने, आफ्नो प्रतिष्ठालाई उचाल्न चाहने र सजिलो जीवन बिताउन चाहन्छन्। तिनीहरूले नै परमेश्वरका नीतिहरूलाई बंग्याएर वा बेवास्ता गरेर मानवीय सिद्धान्त वा दर्शन, योजना, बिचार र परम्पराहरू आफ्ना कार्यक्रमहरूमा घुसाउँछन्। येशूले आफ्नै चेलाहरूलाई उहाँले यी चेतावनीका शब्दहरू उच्चारण गर्नुभएको थियो, "फरिसीहरूका खमिरदेखि होशियार हुनु।"

"धर्म नै भनेतापनि येशूनीति सच्चा, इमान्दार र निष्कपट छ। परमेश्वरको महिमा गर्न र उहाँको इज्जत थाम्ने जोश मानिसको हृदयमा पवित्र आत्माले नै रोप्नुभएको हुन्छ। पवित्र आत्माले रोपिएको यो जोश र जाँगर केवल पवित्र आत्मालाई प्रभावकारी रूपमा काम गर्न दिएमा मात्र फलिफाप हुन्छ। मानिसका भएका ढोंगीपना, आफ्नो भाउ खोज्ने प्रवृत्ति र स्वार्थीपनालाई केवल परमेश्वरको शक्तिले मात्र गायब गर्न सक्छ। येशूभक्तमा भएको येशूसम्मत मिजासले पवित्र आत्माले काम गरिरहनुभएको छ भनेर प्रमाणित गर्दछ। आफू नै ठिक छु भन्ने स्वार्थ उचाल्ने भावना र देखावटी, औपचारिक आस्थालाई कसैले परमेश्वरमा सत विश्वास गरेर नाश गर्दछ, जब आफ्नो इज्जत, प्रतिष्ठा, कदर होइन बरु परमेश्वरको महिमा र कदर खोज्छ हामी यो भन्न सक्छौं कि त्यो व्यक्ति आत्मिक रूपमा ठिक ठाउँमा रहेको भनी हामी भन्नसक्छौं। "पिता, तपाईंको नाउँको महिमा वा इज्जत होस् (यूहन्ना १२:२८) येशूको जीवनको मुख्य विषयवस्तु नै थियो। उहाँ हिंड्नुभएको चालमा हिंड्न हामीलाई आदेश दिइएको छ। यदि हामीले उहाँका आज्ञाहरूलाई शिरोपर गरेर

चल्यौं भने उहाँलाई हामीले चिनेकाछौं भनेर प्रमाणित गरिरहेका हुन्छौं। १ यूहन्ना २:६,३।"-*द डिजाएर अभ एजेज,* पृ. ४०९।

**चिन्तनमननः**

अ. तपाईंको हृदय सफा राख्न के इसाई चालचलन वा संस्कार सहयोग भएको तपाईंले पाउनुभएको छ?

आ. तपाईंको समाजमा अशुद्ध वा हेपिएका वा तुच्छ ठानिएका व्यक्तिहरू को छन्? तिनीहरूको माझमा सुसमाचार प्रचार गरेर तिनीहरूलाई येशूतिर तान्न कसरी सक्नुहुन्छ?

इ. तपाईंको छरछिमेकी वा टोलमा सुसमाचारलाई सरल तरिकाले कसरी सुनाउन सक्नुहुन्छ?

ई. येशूले ४००० लाई ख्वाउनुभएको विवरण मर्कूस ८:१-१०मा पढ्नुहोस्। उहाँले ख्वाउनुभएको भीड अन्य जाति हुन् भनेर सोच्दा तपाईंको दिमागमा के फरक सोच पस्न सक्छ होला? किन फरक पार्न दिनुहुन्न?

उ. हामी पतित भएको हैशियतले हामलाई सबै थोक चाहिन्छ र आफ्नो भाउ खोज्ने प्रवत्तिबाट हामी कसरी जोगर बस्ने?

## कथा ६
## बाबुले येशूलाई विश्वास गरोस् भन्दै गरिएको बिन्तिभाऊ, भाग ३

एक दिन विश्वविद्यालयमा अध्ययन गरेको बेलाम अनुशले मेक्सिकोको फिलिम हेरेकी थिइन्। त्यो फिलिम एक जना केटाको बारेमा थियो। आफ्ना बुबाले येशूलाई विश्वास गरोस् भनेर उसले प्रार्थना गर्दथ्यो। फिलिममा त्यो केटाले यो सुनायो, "यदि प्रत्येक दिन मेरो बुबाको निम्ति मैले प्रार्थना गरे, एकदिन उहाँ परमेश्वरकहाँ आउनुहुनेछ।" दिन दिनै धेरै समयसम्म प्रार्थना गरेपछि एक दिन उसका बुबाले आफ्नो हृदय परमेश्वरलाई दिएका थिए।

यो कथाले अनुश प्रेरित भइन् र आफ्ना बुबा बप्तिस्मा नलिउञ्जेल दिन दिनै प्रार्थना गर्ने निर्णय उनले गरिन्। आफ्नै बप्तिस्माको निम्ति उनले धेरै वर्षसम्म प्रार्थना गरेकी थिइन्। उनले बप्तिस्मा लिएको दुई वर्षसम्म पनि बुबाको निम्ति प्रार्थना गर्दै रहेकी थिइन्। उनको बुबा परमेश्वरमा आउनेछन् भन्नेमा उनी निश्चित थिइन्। जब घरमा कचकच हुन थाल्यो तब उनी कति समयसम्म पर्खिनु पर्छ भन्ने सोचमा उनी परिन्।

बप्तिस्मा लिएपछि उनी सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा सक्रिय हुन थालिन्। चर्चका कार्यक्रमहरूमा उनले स्वयंम सेवक भइन्। कहिलेकाहीँ केही पैसा पाउँथ्यो भने प्रायजसो केही पाउँदैनथ्यो। उनका बुबाले उनको काममा गुनासो गरेनन् किनभने उनी बाबुकै अनुमतिमा चर्च गएकी थिइन् र बप्तिस्मा लिएकी थिइन्। पुरुषप्रधान देश आर्मेनिया भएकोले घरमा हुने सबै निर्णयहरूमा बाबुको प्राथमिकता थियो।

आफ्नी छोरीको उत्तम हित चाहेकोले थोरै पैसाले उनी किन काम गरिरहेकी छिन् त्यो उनले बुझ्नै सकेन।

"तिम्रो चर्चले तिमीलाई प्रयोग गरिरहेको छ। तिमीले पाएको डिग्री अनुसार तलब नदिएर चर्चले तिम्रो फाइदा उठाइरहेको छ," भनेर एक दिन कड्किएर छोरीलाई बाबुले सुनाए।

पैसाको लागि भन्दा पनि परमेश्वरको निम्ति काम गर्न पाएकोमा खुशी भएकी अनुश जब घरमा आउँथी बाबुको अंध्यारो अनुहार हेर्नुपर्दा उनलाई तनाव भएको थियो। यो वातावरण उनलाई मन परेन। जब जब चर्चमा कार्यक्रम हुन्थ्यो तब तब त्यसका भाग लिन बाबुसँग अनुमति माग्थीन्। बुबाले अनुमति त दिन्थे तर प्रत्येक पल्ट उनले गुनासो गर्थे।

अब के गर्ने? अरू केही उपाय नभएकोले परमेश्वरसँग दिल खोलेर प्रार्थना गर्ने निर्णय उनले गरिन्।

"हे परमेश्वर पिता, मलाई थाहा छ कि एक दिन मेरो बुबा तपाईंकहाँ आउनुहुनेछ। तर म प्रार्थना गर्दा गर्दै थाकिसकेको छु। तपाईंसँग एउटा प्रस्ताव राख्छु, कि त उनी तपाईंकहाँ आऊन् वा तपाईं उहाँकहाँ आउनुहोस्, येशूको नाउँमा। आमेन," भनेर उनले प्रार्थना गरिन्।

एक दिन उनले आमालाई अनुरोध गरिन्, "आजमा परमेश्वरसँग दिल खोलेर प्रार्थना गर्दैछु। तपाईं पनि मसँग प्रार्थना गर्नुहोस्। हाम्रो घरको तनावको वातावरण तपाईंलाई पनि मन पर्दैन होला। बुबा पनि हामीसँग चर्च गएको हामी चाहन्छौं, होइन र आमा?"

आर्मिनियमा धेरै आमा र छोराछोरीहरू चर्चमा जान्छन् तर कतिपय श्रीमान र बाबहरूबिना। कुनै सतावट नभइकन आमा र छोराछोरीहरू चर्चमा जान्छन् भने कतिपय पुरुषहरूले आपत्ति नजनाइ तिनीहरूलाई चर्चमा पठाउँथे। तर यो वातावरण अनुशलाई मन परेन। आफ्नो बुबा पनि चर्च गएको उनी चाहन्थीन्।

आमा पनि प्रार्थना गर्न मञ्जुर भइन्। अनुशको आशा पनि पलाउन थालेको थियो। आफ्ना बाबको हृदय परमेश्वरले परिवर्तन गर्नुहुनेछ भनेर उनी ढुक्क भएकी थिइन्। तर त्यो कुनै बखतमा हुन सक्नेछ भनेर उनले विश्वास गरेकी थिइन्।